# नेपाली विषयको परियोजना कार्य

२०७८

नाम: सुरज चौधरी
कक्षा: ११
सेक्सन: 'ख'
सिफ्ट: दिन

मूल्याङ्कनकर्ता:
गिरिराज पाठक

ग्लोबल कलेज अफ म्यानेजमेन्ट
पुरानो बानेश्वर, काठमाडौँ

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १) | व्यञ्जन वर्णको वर्गीकरण | १ |
| २) | दैनिकी | २-४ |
| ३) | सूचना | ५ |
| ४) | टिप्पणी | ६ |
| ५) | निवेदन | ७-८ |
| ६) | विज्ञापन | ९-११ |
| ७) | सूचना | १२-१४ |
| ८) | व्यक्तिगत विवरण | १५ |
| ९) | वर्णन | १६-१८ |
| १०) | नेपालको नक्सा | १९ |

# वर्णको वर्गीकरण

| वर्ण | उच्चारण स्थान | प्रयत्न | प्राणत्व | घोषत्व |
|---|---|---|---|---|
| क | कण्ठ्य | स्पर्शी | अल्पप्राण | अघोष |
| ख | कण्ठ्य | स्पर्शी | महाप्राण | अघोष |
| ग | कण्ठ्य | स्पर्शी | अल्पप्राण | घोष |
| घ | कण्ठ्य | स्पर्शी | महाप्राण | घोष |
| ङ | कण्ठ्य | नासिक्य | अल्पप्राण | घोष |
| च | दन्तमूलीय | स्पर्शसङ्घर्षी | अल्पप्राण | अघोष |
| छ | दन्तमूलीय | स्पर्शसङ्घर्षी | महाप्राण | अघोष |
| ज | दन्तमूलीय | स्पर्शसङ्घर्षी | अल्पप्राण | घोष |
| झ | दन्तमूलीय | स्पर्शसङ्घर्षी | महाप्राण | घोष |
| ट | दन्तमूलीय | स्पर्शी | अल्पप्राण | अघोष |
| ठ | दन्तमूलीय | स्पर्शी | महाप्राण | अघोष |
| ड | दन्तमूलीय | स्पर्शी | अल्पप्राण | घोष |
| ढ | दन्तमूलीय | स्पर्शी | महाप्राण | घोष |
| त | दन्त्य | स्पर्शी | अल्पप्राण | अघोष |
| थ | दन्त्य | स्पर्शी | महाप्राण | अघोष |
| द | दन्त्य | स्पर्शी | अल्पप्राण | घोष |
| ध | दन्त्य | स्पर्शी | महाप्राण | घोष |
| न | दन्तमूलीय | नासिक्य | अल्पप्राण | घोष |
| प | ओष्ठ्य | स्पर्शी | अल्पप्राण | अघोष |
| फ | ओष्ठ्य | स्पर्शी | महाप्राण | अघोष |
| ब | ओष्ठ्य | स्पर्शी | अल्पप्राण | घोष |
| भ | ओष्ठ्य | स्पर्शी | महाप्राण | घोष |
| म | ओष्ठ्य | नासिक्य | अल्पप्राण | घोष |
| य | तालव्य | अर्धस्वर | अल्पप्राण | घोष |
| र | दन्तमूलीय | कम्पित | अल्पप्राण | घोष |
| ल | दन्तमूलीय | पार्श्विक | अल्पप्राण | घोष |
| व | ओष्ठ्य | अर्धस्वर | अल्पप्राण | घोष |
| स | दन्तमूलीय | सङ्घर्षी | महाप्राण | अघोष |
| ह | स्वरयन्त्रमुखी | सङ्घर्षी | महाप्राण | घोष |

# पहिलो दिन

मिति : २०७८/०६/२८
स्थान : कुलेश्वर, काठमाडौं.
समय : साँझ ८ बजे

बिहानै आमाले ढोका ढकढक्याएकाले आज पाँच बजे नै उठें। आज असोज २८ गते। भोलि विजया दसमी भएकाले घरमा धेरै कामहरू गर्नुपर्ने रहेछ। त्यसैअनुसार तयार हुन थालें र पूजा कोठातिर लागें। मेरो भाइ र मेरो काम कार्यक्रमका अनुसार हामीले पूजा सामाग्रीहरू तयार पार्नु थियो। साढे सात बजेसम्म सामाग्रीहरू तयार पारेर म भान्सा घरतिर लागें। सबैकोलागि चिया पकाएर सबैलाई चिया र फलफूल दिएँ। यति सबै गरिसक्दा ९ बजेछ।

त्यसपछि म आनि मेरा भाइहरू एकछिन पिङ खेल्न गयौं। पिङ खेल्ने ठाउँमा धेरै भीड रहेछ। एकछिन कुरेपछि बल्ल हाम्रो पालो आयो। हामी सबैजना एक-एक पटक पिङ खेलेर भोलि विजया दसमीका लागि सरसामानहरू किन्न गयौं। हामीले मासु, माछा, दहि, अचार आदिकालागी चाहिने सबै सामानहरू किनेर घर फर्कियौं।

घर फर्किंदा मेरा मामा माइजुहरू आउनु भएका रहेछन्। सबैजना मिलेर चिया र फलफूलहरू खायौं अनि गफ गर्‍यौं। एकछिनपछि नाचगान पनि भयो। सात बजिसकेपछि आमाले खाना पकाउनु भयो र सबैजनाले खाना खायौं। दिनभरिको हतार र थकाइले गर्दा खानासाथ हतारहतार सुत्ने तरखरमा लागिहालें।

# दोस्रो दिन

मिति : २०७८/०६/२९
स्थान : कुलेश्वर, काठमाडौँ,
समय : साँझ ९ बजे

आज विजया दशमीको दिन भरकाले बिहान ६ बजे नै उठेँ। उठ्ने बित्तिकै म नुहाउन गएँ। नुहाएर आएपछि लुगा लगाएर तयार भएँ। त्यसपछि भान्सा घर गएर मैले आमालाई खाना पकाउन सहयोग गरेँ। यति गर्दै ९ बज्यो। एकछिन पूजा कोठामा टिका र जमरा मज्जाले थालीमा मिलाएर राखेँ र नयाँ नोटहरू पनि टक्क मिलाएर राखेँ।

घडीमा ठ्याक्क १० बजेपछि टिका र जमरा लगाउनका लागि सबै तयारी गर्‍यौँ ठूलाबडासँग। सबैले टिका र जमरा लगाएँ र टन्न आशिर्वादहरू पाएँ। दक्षिणा पनि सबैले दिनुभयो। यो कार्यक्रम सकिएपछि सबैजनाले मज्जाले मासु, माछा, दहि, अचार र खाना खायौँ। खाना खाएपछि म आफ्नो भाइ र दिदीसँग पिङ खेल्न गएँ।

अलि दिउँसो भएपछि म आफ्नो परिवारसँग मामाघरतिर लागेँ। त्यहाँ पनि सबैसँग टिका र जमरा लगाएँ। अनि त्यहाँ हामीले तास खेल्यौँ। नाचगान पनि भयो। असाध्यै रमाइलो भयो। सबैजना सँगै बसेर फोटो पनि खिच्यौँ। अन्ति थाकित भएपछि सबैजना आ-आफ्नो कोठामा गयौँ। दिनभरिको यो थकानले गर्दा म पनि छिट्टै ओछ्यानतिर लागेँ।

# तेस्रो दिन

मिति : २०७८/०६/३०
स्थान : कुलेश्वर, काठमाडौं
समय : साँझ ७ बजे

हिजोको थकानका कारण आज अलि ढिलो उठेँ। उठेर दाँत माझेँ अनि मुख धोएँ। त्यसपछि चिया बनाएर सबैलाई दिएँ र आफू पनि खाएँ। यति गर्दै ९ बजेछ। त्यसपछि म आफ्नो कोठामा आएँ र एकछिन गृहकार्यहरू गरेँ। दसैँ सकियो भनेर सोच्दा मनमा नरमाइलो लागेको थियो।

एकछिनमा मामाघरका सम्पूर्ण सदस्यहरू हामीलाई भेट्न आउनुभयो। सबैले सँगै खाना खायौं र गफ गर्न थाल्यौं। मैले सबैको लागि कफि बनाएँ। एकछिन सबैसित बसेर म पूजा कोठा गएँ। हिजो टिका लगाएपछि अलि फोहोर भएको रहेछ। सबै सफा गरेपछि मैले एकछिन थकान मार्न खाटमा बसेँ। त्यसपछि सबैजना मिलेर घरमै म:म बनायौं अनि खायौं।

अलि बेरको भएपछि नाचगान सुरु भयो। सबैजना गीत बजाएर मज्जाले नाच्न थाल्यौं। एकदमै रमाइलो भयो र आमा बुबाहरूलाई पनि नचायौं। सबैजना बसेर तास खेल्यौं अनि अरू खेलहरू पनि खेल्यौं। खाना पकाएर खाना सबैजना ~~सँगै~~ बसेर खायौं। त्यसपछि ओछ्यानमा गएर सुत्ने तरखरमा लागेँ।

# नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## कोभिड-१९ विरुद्ध १२ वर्षदेखि १७ वर्ष समूहलाई खोप लगाउन सम्बन्धी सूचना

( प्रथमपटक सूचना प्रकाशित मिति: २०७८/०९/३० )

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/०९/२९ गतेको निर्णय अनुसार पहिलो चरणको कोभिड-१९ बिरुद्धको खोप (चाइनिज भेरोसिल पहिलो मात्रा) अभियान जन स्वास्थ्यको मापदण्ड पूर्ण पालना हुने गरी १२ वर्षदेखि १७ वर्ष उमेर समूहका किशोरकिशोरीहरूलाई कोभिडविरुद्धको पहिलो मात्राको खोप मिति २०७८/०९/३० देखि भेरोसिल पहिलो मात्रा लगाउने भएकोले आफ्नो नजिकको वडाको खोप केन्द्रमा आफ्नो नागरिकता वा जन्मदर्ता लिएर खोप लिन अनुरोध गर्दै सूचना जारी गरिन्छ।

# नेपाल विकासका दृष्टिले पछि पर्नाका कारणहरू

नेपाल दुई विशाल देश भारत र चीनले घेरिएको सानो देश हो। तर नेपाल ती देशहरूको जस्तो विकसित छैन। यो कुरा साँचो हो कि नेपालले समयअनुसार प्रगति गरेको छ, तैपनि यो आवश्यक भएको जति विकसित भएको छैन। नेपाल विकासका दृष्टिले पछि पर्नाका थुप्रै कारणहरू छन्। नेपाल विकसित नहुने प्रमुख कारणहरू शिक्षाको अभाव, राजनीति, चेतनाको अभाव, भ्रष्टाचार, आदि हुन्।

नेपाल विकासका दृष्टिले पछि पर्नाको सबैभन्दा ठूलो कारण शिक्षाको अभाव हो। आम नागरिक मात्रै होइन, देश माथि शासन गर्ने र देश चलाउने राजनीतिज्ञहरू पर्याप्त शिक्षित छैनन्। यही कारणले सरकारले उचित योजना र नीति ल्याउन सकेको छैन। योजना आए पनि, भ्रष्टाचारका कारण ती योजना कार्यान्वयन हुँदैनन्।

सबै कुरा जस्तै, यी समस्याहरूको समाधान पनि छन्। सबैभन्दा पहिले सरकारले नागरिकलाई शिक्षा दिने कुरालाई प्राथमिकता दिनुपर्छ ताकि सबैलाई विकासको महत्व र गर्ने तरिका थाहा होस्। त्यसपछि सरकारले योजनाहरू भ्रष्टाचार बिना कार्यान्वयन गर्नुपर्छ।

मिति:२०७८।१०।२४

श्रीमान् कार्यालय प्रमुख ज्यू,
निर्वाचन आयोग कार्यालय
गौर, रौतहट

विषय:- मतदाता नामावलीमा नाम समावेश गरि पाऊँ बारे।

महोदय,

उपरोक्त सम्बन्धमा निवेदन यो छ कि, म सुरज चौधरी १८ वर्षको पुगी सकेको छु। मतदान गर्नु सबै नागरिकको अधिकार भएकोले अब म पनि मतदान गर्न पाउ भनेर मेरो नाम मतदाता नामवलीमा समावेश गरी दिन विनम्र अनुरोध छ।

मेरो नागरिकताको प्रतिलीपी यहि निवेदन -सँग संमावेश गरेको छु। हजुरको जे आदेश।

निवेदक
नाम: सुरज चौधरी
ठेगाना: मौलापुर-९,
रौतहट

Ticket




पाउने

श्री कार्यालय प्रमुख,
निर्वाचन आयोग कार्यालय
गौर, रौतहट ।

पठाउने

सुरज चौधरी
मौलापुर-१, रौतहट

व्यावसायिक विज्ञापन




WOW™
SKIN SCIENCE
NAMASTE
NEPAL
WOW
ONION
BLACK SEED
HAIR OIL
WOW
SKIN SCIENCE
shampoo
MADE WITH NATURAL ACTIVES
HELPS STRENGTHEN, SOFTEN
AND RESTORE SHINE
WOW
APPLE CIDER VINEGAR
face wash
INDIA'S MOST LOVED PERSONAL CARE BRAND,
NOW AVAILABLE IN NEPAL
Be WOW, Naturally


ऋणपत्रमा लगानी, दुक्क जिन्दगानी !
उच्चतम प्रतिफलको लागि सिभिल बैंक ऋणपत्र २०८८
सिभिल
डिबेन्चर
२०८८
रु ३ अर्ब
त्रैमासिक
१०.२५%
१० वर्ष
नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत भई कारोबार हुने भएकाले आवश्यक परेको समयमा बिक्री गर्न सकिने
आवश्यक परेको समयमा ऋणपत्र धितो राखी ऋण लिन सकिने
त्रैमासिक रुपमा ब्याज भुक्तानी
• निष्काशन खुल्ला मिति : २०७८/०८/२४ गते
• निष्काशन बन्द हुने मिति (छिटोमा): २०७८/०८/२८ गते बैंकिङ्ग समय पश्चात्
• निष्काशन बन्द हुने मिति (ढिलोमा): २०७८/०९/०९ गते बैंकिङ्ग समय पश्चात्

सूचना

प्रदेश सरकार
समाजिक विकास मन्त्रालय
प्रदेश १
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल ओखलढुंगा, रुम्जाटार

## रासन ठेक्का सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/११)

जिल्ला अस्पताल ओखलढुंगा, रुम्जाटारमा उपचारार्थ भर्ना भएका बिरामीहरुको लागि २०७८ माघ महिना देखि २०७९ पौष मसान्त सम्मका लागि राशन सिदा खुवाउने ठेक्कापट्टाद्धारा बन्दो वस्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। निम्न अनुसार तोकिएको शर्तहरुको अधिनमा रही राशन सिदा खुवाउन इच्छुक ठेकेदार वा फर्मले दरभाउपत्र फारममा रु १०। को टिकट टाँसी (नगद रकम टिकट वापत राखेमा अमान्य हुनेछ) सिलबन्दी दरभाउपत्र दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

१) दरभाउपत्र फारम रु.१०००।- (फिर्ता नहुने गरी) तिरी जिल्ला अस्पतालबाट नागरिक राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको प्रशासन शाखामा कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा तपशिलको कागजातहरुको प्रतिलिपी पेश गर्नु पर्ने छ।
क) नेपाली नागरिकता। ख) मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र। ग) २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र।

३) सिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय:
क) मिति:२०७८/०९/२५ गते दिनको १२:०० बजे सम्म। ख) स्थान: जिल्ला अस्पताल ओखलढुंगा, रुम्जाटार।

४) दरभाउपत्र खोल्ने मिति, समय र स्थान:
क) मिति :२०७८/०९/२५ गते, समय दिनको २:०० बजे। ख) स्थान: जिल्ला अस्पताल ओखलढुंगा, रुम्जाटार।

५) आफुले बोल कवुल गरेको अंकको २.५% ले हुन आउने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, ओखलढुंगाको नाममा राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखामा रहेको धरौटी खाता नं: २०७०१००२०२०३०००० मा जिल्ला अस्पताल ओखलढुंगाको कार्यालय कोड नं.३५००४१००२१ मा नगद जम्मा गरेको सक्कलै भौचर दरभाउपत्र फारम साथ पेश गर्नु पर्नेछ। बैंक ग्यारेन्टी (विडवण्ड) वा दरभाउपत्र मै संलग्न नगदलाई मान्यता दिइने छैन।

६) सिलबन्दी दरभाउपत्रमा पेश गर्ने संस्थाको प्रोपराइटरको दस्तखत तथा संस्थाको छाप हुनु जरुरी छ साथै रासन सिदाको नमुना दरभाउपत्र दर्ता गर्दा पेश गर्नु पर्ने छ।

७) अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षर लेखिएकोलाई मान्यता दिइने छ।

८) दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयलाई हुने छ।

९) ठेक्का अवधि भर मूल्यवृद्धि दिइने छैन।

१०) नियमानुसार ठेक्का सम्झौता भएपछि मात्र अन्य दरभाउपत्रदाताहरुको जमानत रकम फिर्ता दिईने छ।

११) रित नपुगेको, तोकिएको समयमा प्राप्त नभएको तथा सर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन।

१२) अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१३) यस सूचनामा उल्लेखित भएको कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ।

तपशिल:

| सि.नं | विवरण | इष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राशन सिदा | १५०६६६८.९७ | ३७६६६.७२४ | मू.अ.कर बाहेक |

जिल्ला अस्पताल ओखलढुंगा रुम्जाटार

त्रिभुवन विश्वविद्यालय

## विश्वभाषा क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं ।

## विद्यार्थी भर्नासम्बन्धी सूचना

यस क्याम्पसमा हिंउदे सत्रको कक्षा २०७८ माघ १८ गतेदेखि सञ्चालन हुने चिनियाँ, फ्रान्सेली, जर्मन, रसियाली, स्पेनी, जापानी, इटाली, कोरियाली, अरबिक, प्रारम्भिक अंग्रेजी र लेखन अंग्रेजी भाषाहरूमा नयाँ भर्नाका लागि फारम खुला गरिएको छ। यीमध्ये कुनै एक भाषा पढ्न इच्छुक विद्यार्थीहरूले तोकिएको समयभित्र आवेदन फारम भरी क्याम्पसमा प्रकाशित सूचनाअनुसार भर्ना हुन सूचित गरिन्छ।

**१. न्यूनतम जानकारी:**

क) फारम लिने र बुझाउने समय २०७८ पौष १३ गतेदेखि पौष २७ गते (बिहान ११:०० देखि दिउँसो २:०० बजेसम्म ।

ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता अंग्रेजी लेखनबाहेक सबै भाषाका लागि एसएलसी वा एसईईमा कम्तीमा C Grade प्राप्त वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने ।

ग) अंग्रेजी लेखनका लागि त्रिविबाट स्नातक वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने ।

घ) आवेदन फारम दर्ता गर्न आउँदा अनिवार्य रूपमा सक्कल प्रमाणपत्र देखाई प्रतिलिपि रुजु गराउनुपर्ने ।

थप जानकारीका लागि क्याम्पस प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

क्याम्पस प्रमुख

सुदूरपश्चिम विश्वविद्यालय
कृषि विज्ञान संकाय, डीनको कार्यालय

# टीकापुर बहुमुखी क्याम्पस

टीकापुर, कैलाली

स्नातक तहमा भर्ना कार्यक्रम २०७८/०७९

## प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय अन्तर्गत यस टीकापुर बहुमुखी क्याम्पसमा (QAA Certified) B.Sc.Ag. कार्यक्रमको शैक्षिक सत्र २०७८/०७९ (सन् २०२१) को नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सञ्चालन गरिने भएकाले भर्ना हुन चाहने इच्छुक विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ।

| विवरण | मिति |
|---|---|
| Online मार्फत फाराम भर्ने शुरु मिति | २०७८ पौष ११ गते देखि |
| Online मार्फत फाराम भरिसक्नुपर्ने अन्तिम मिति (विलम्ब शुल्क रहित) | २०७८ माघ ११ गतेसम्म |
| Online मार्फत फाराम भरिसक्नुपर्ने अन्तिम मिति (विलम्ब शुल्क सहित) | २०७८ माघ १८ गतेसम्म |
| प्रवेश परिक्षा (स्थानः टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली) | २०७८ माघ २१ गते (बिहान ११ बजे) |
| नतिजा प्रकाशन | २०७८ माघ २१ गते (सोहिदिन) |

प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि कृषि विज्ञान संकायको टेलिफोन नं. ०९१-५६०८२४/०९१-५६०२६५ मा सम्पर्क गर्न वा website www.agriculture.fwu.edu.np मा हेर्न सकिनेछ।

संयोजक

प्रवेश परीक्षा समिति

# व्यक्तिगत विवरण

नामथर: सुरज चौधरी
जन्मस्थान: सोनरनिया, रौतहट
जन्ममिति: २०६१/०६/०७
माता: मंजु कुमारी चौधरी
पिता: हरि शंकर प्रसाद
राष्ट्रियता: नेपाली
धर्म: हिन्दू
वैवाहिक स्थिति: एकल
स्थायी ठेगाना: मौलापुर, रौतहट-०१
हालको ठेगाना: बानेश्वर, काठमाण्डौं
सम्पर्क इमेल: suraj@highapproach.com
शैक्षिक योग्यता: +२ पढ्दै
तालिम तथा अनुभव: वेब डिजाइनर (Bridge To Literacy)
संस्थापक (HighApproach.com)
President (Interact Club of GSS)

कम्प्युटरसम्बन्धी सिप र ज्ञान:

- MS Office (Word, Excel, Power Point, आदि)
- वेब डिजाइन (WordPress, GoDaddy, HTML, CSS, JS)
- Photoshop

विशेष रुचि:

- कम्प्युटर र इन्टरनेट
- लेख्न
- सञ्चार र अनुसन्धान

# गहवा माईको मन्दिर

गहवा माईको मन्दिर धार्मिक तथा पर्यटकीय स्थल हो। यो पर्सा जिल्लाको वीरगंजको माईस्थान टोलमा स्थित छ। यो मन्दिरमा अति नै सुन्दर कलाकृति हेर्न पाइन्छ। गहवा माईसँग केही इच्छा राखेर प्रार्थना गरे पक्कै नै पुरा हुन्छ भन्ने विश्वास व्यक्तिहरूमा पाईन्छ। साथै दशैंमा यहा भव्य मेला पनि लाग्ने गर्दछ। यो मन्दिर वीरगंज सहरको बीचमा पर्ने गर्दछ ‡ जहाँ यहाँको मूल बजार पनि छ। यो मन्दिर यति भव्य तथा विशाल छ कि वीरगंज जाने व्यक्तिहरू एक चोटी यहाँ जाने नै गर्दछन्। गहवा माईको मन्दिर एउटा पर्यटकीय स्थल हो। मेरो सौभाग्य छ कि म धेरै पटक त्यहा गएर ढोग्न पाएको छु।

# पशुपतिनाथको मन्दिर

पशुपतिनाथको मन्दिर विश्व प्राकृतिक सम्पदा-मा समावेश नेपालको अति नै ठूलो तथा भव्य मान्दिर हो। यसले नेपाललाई विश्वमा चिना-उने काम गरेको छ। भगवान शिवको ८ विशेष धाम मध्ये पशुपति नाथको मन्दिर पनि एक हो। यो नेपालको राजधानी काठमा-डौंमा बागमतिको किनारमा स्थित छ। यो मन्दिरको निर्माण १८ औं शताब्दीमा भएको मानिन्छ।


यहाँ प्रत्येक वर्ष धेरैं हिन्दू धर्मावलीहरु भगवान पशुपतिनाथको दर्शन गर्न आउने गर्छन्। यो मन्दिरको चारवटा विशाल ढोका चाँदीले बनेको छ भने मन्दिरको गजुर सुनको छ। यो मन्दिरको अगाडि एकदमै विशाल नन्दी गाईको पनि प्रतिमा रहेको छ। साथै श्रावणको महिनामा रहेको छ। र शिवरात्रीको दिन अति नै भिड रहने गर्दछ। पशुपति नाथको मन्दिर हाम्रो देशको धरोहर हो र मलाई गर्व लाग्छ कि यो हाम्रो देशमा छ।

# शिवनगरको महादेव मन्दिर

रौतहटको मध्य भागमा गरुडा नगरपालिकाको वाड नं. ५ वा शिवनगरमा महादेव मन्दिर रहेको छ। यो मन्दिर नेपालको मधेश तथा भारतमा पनि प्रसिद्ध छ।

यो धार्मिक मन्दिरमा श्रीपञ्चमीको दिनमा ठूलो मेला लाग्ने गर्दछ। यो मन्दिरमा प्रत्येक आईतबार जल चढाएमा कुष्ठरोग निको हुने तथा विभिन्न मनोकामना पुरा हुन्छ भन्ने विश्वास मानिसहरुमा छ। साथै श्रीपञ्चमी र महा शिवरात्रीको दिन शिवनगरको महादेव स्थानमा भन्टा (बैंगन) चढाएमा सबै प्रकारको छाला सम्बन्धी रोग निको हुन्छ भन्ने विश्वाश स्थानीय व्यक्तिमा पाइन्छ। यो मन्दिरमा परापूर्वकाल देखि नै व्यक्तिहरू आएर भगवान शिवको दर्शन गर्ने गर्दछन्। महादेश्व मन्दिरमा अझै राम्रोसँग वि-कास विस्तार गरे यो नेपालकै पर्यटकीय क्षेत्रमा पर्न सक्छ। मेरो मामाघर नै यही पर्ने भएकोले म यो मन्दिरमा धेरै पटक जान पाउने अवसर पाएको छु।

# नेपालको नक्सा




(क) पाथिभरा
(ख) जानकी मन्दिर
(ग) चितवन राष्ट्रिय निकुञ्ज
(घ) तिलिचो ताल
(ङ) लुम्बिनी
(च) रारा ताल
(छ) शुक्लाफाँटा वन्यजन्तु आरक्ष